# धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ६ | सङ्ख्याः ६ | मितिः २०८१/०६/१३

## भाग – २

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/१३**

**प्रस्तावनाः** स्थानीय तहको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विषेशतालाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वासनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँच पुऱ्याउन वाञ्छनीय भएकोले धर्मदेवी नगरकार्यपालिकाको मिति २०८१ साल असोज १३ को बैठकले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार बमोजिम धर्मदेवी नगर कार्यपालिकाले मिति २०८१ साल असोज १३ गतेको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम धर्मदेवी नगरपालिकाको '"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०८१' रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "सभा" भन्नाले धर्मदेवी नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ ।

(ङ) "कार्यालय" भन्नाले धर्मदेवी नगरपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(च) "प्रमुख" भन्नाले धर्मदेवी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(छ) "उपप्रमुख" भन्नाले धर्मदेवी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धर्मदेवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गरेको अधिकारी सम्झनुपर्दछ ।

(झ) "वडा अध्यक्ष" भन्नाले धर्मदेवी नगरपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनुपर्दछ ।

## परिच्छेद २
## समिति गठन सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माणमा कार्य गर्न गराउन हुँदैन ।

४. **नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्थाः**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस धर्मदेवी नगरपालिकाको कार्यलयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सब ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

५. **इजाजतपत्रको अवधि र नवीकरणः**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालू आर्थिक बर्षको अन्त्यसम्म मात्र मान्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्वन्धित नगरपालिकाबाट अनुसूची-२ बामोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजतपत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेस गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेस गर्नुपर्नेछ ।

यसरी अनुसूची-४ बमोजिमको पासबूक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न नगरपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिना भित्र सबै प्रक्रीया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यसायीले नवीकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

६. **इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थमा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुट्टा विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुट्टा विवरण पेस गरेको सम्वन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्यसम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिब माफिको मौका दिइनेछ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्याद भित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति अथवा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिइनेछ ।

७. **इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः** कुनैपनि निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रितिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनुपर्नेछ ।

८. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **खारेजीः** धर्मदेवी नगरपालिकाको “घ” वर्गको निर्माण व्यावसाय सम्बन्धी कार्यविधि, २०७६ खारेज गरिएको छ।

१०. **बचाउः** यस अघि र प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धि फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची -१

कार्यविधि को दफा ४ को उपदफा (१) सँग सम्वन्धित

**इजाजतपत्रको लागि दिइने दरखास्त**

**विषयः** इजाजतपत्र पाउँ भन्ने बारेमा ।

श्री धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मुढेशनिश्चतरे, सङ्खुवासभा ।

यस ... ... ... ... ... ... ... ... ... ... ... ... कार्यालयको कार्यविधि ... ... ... बमोजिम सार्वजनिक निर्माण गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरि यो दरखास्त पेस गरिएको छ ।

१. दरखास्त पेस गर्ने फर्म वा कम्पनीकोः

नामः

ठेगानाः

पोष्ट बक्स नं.:

टेलिफोन नं.: फ्याक्स नं.: इमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ एकलौटी

☐ पब्लिक लिमिटेड ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनुपर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिकोः

नामः

ठेगानाः

पोष्ट बक्स नं.:

टेलिफोन नं.: फ्याक्स नं.: इमेलः

४. फर्म वा कम्पनीको विवरणः

दर्ता नं.: दर्ता मितिः

अधिकृत पुँजीः जारी पुँजीः

५. इजाजत लिन चाहेको वर्गः "घ" वर्ग ।

६. समूहिकरण हुन चारेको समूहः

७. आर्थिक स्रोतको विवरणः

| विवरण | रकम | वितीय संस्था बैङ्कको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेस गर्न सकिने छ ।

८. कामदारको विवरणः

(क) प्राविधिकः

(ख) अप्राविधिकः

(ग) अन्यः

प्राविधिक कर्मचारीको सर्टिफिकेटको प्रतिलिपि तथा निजको मञ्जुरीनामा गर्नुपर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी साधन मेसिनरी औजारको विवरणः

| क्र.सं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य बेहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः

| क्र.सं. | निर्माण सम्बन्धी कामको विवरण | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः

(क)

(ख)

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचौं छ । झुट्टा ठहर हुने कानून बमोजिम सहुँला बुँझाउला ।

निर्माण व्यवसायीको छापः

दस्तखतवालको नामः
दस्तखतः
मितिः

द्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेस गर्नुपर्नेछ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची २

## कार्यविधिको दफा ४ को उपदफा (४), दफा ५ को उपदफा (२), दफा ५ को उपदफा (३) र दफा ७ सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. ५,०००/- | रु. ५,०००/- | रु. १५,०००/- | रु. ५०००/- |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची ३
### कार्यविधि को दफा ४ को उपदफा (४)

### **इजाजतपत्र**

इजाजतपत्र नं.:

**मितिः** ... ... ... ... / ... ... / ... ...

धर्मदेवी नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
मुडेशनिश्चरे,सङ्खुवासभा

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि, २० ... ... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ... ... ... ... .. स्थित कार्यालय भएको ... ... ... ... ... ... ... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेकोः-
दस्तखतः-
नामः-
पदः-
मितिः-
कार्यालयः-

यस वृत भित्र कुन वर्ग लेख्नुपर्ने हो
सोही वर्ग लेख्ने

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

नवीकरणः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची ४

कार्यविधि को दफा ५ को उपदफा (२) सँग सम्बन्धित

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको विवरण **(पासबूक)**

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपकरणको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समय अवधि थप विवरण (यदि भएमा) | **Variation** को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्झोता विवरण | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेक्का रकम | क)नामः | क)थप समय | क) Variation को Contract amount | क)सम्पन्न रकम | क)अन्तिम ठेक्का रकम | |
| | | | | | | | | | | | |
| | | | | | ख)सम्झौता मितिः | ख)पदः | क)नामः | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख)सम्पन्न मितिः | ख)सम्पन्न मितिः | |
| | | | | | | | | | | | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पदः | ख)पदः | ग)सम्पन्न% | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | ग)नामः | घ) नाम | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पदः | पदः | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची ५
## कार्यविधि को दफा ४ को उपदफा (१) सँग सम्बन्धित

### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैंया चालू पूँजी देखाई उद्योग विभाग वा अन्तरगतका निकायमा दर्ता भएको हुनुपर्नेछ।

२. मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना, प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. मेशिन र उपरकरणः

(क) टिपर/ट्याक्टर (एक थान): आफ्नो स्वमित्वमा नभए एक बर्षसम्म सञ्चापलन गर्न दिने कबुलियतनामा पेस गर्नुपर्ने।

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः**

१. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामीत्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेस गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचिबिखन गर्न पाइनेछैन ।

४. १५ वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**प्रमाणीकरण मितिः** २०८१/०६/१३

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत